महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- ४ अङ्क :- ११ महिना :- माघ

श्रृंखला- १२

## सञ्चार अनुगमन मासिक प्रतिवेदन- माघ २०७१

राजधानीबाट प्रकाशित दैनिक अखबारहरुको अनुगमन गर्दा २०७१ को माघ महिनामा मुलुकभर महिला र बालबालिकामाथि भएका हिंसाका ४२ वटा घटना भएको पाइएको छ । त्यसमध्ये महिला हिंसासँग सम्बन्धित समाचार २६ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित १६ समाचार प्रकाशित भएका छन् । प्रकाशित समाचारहरुमा महिला तथा बालबालिकाको हत्या, बलात्कार, कुटपिट, घरेलु हिंसा, यौनजन्य हिंसा, स्थानीय र प्रहरीबीच भएको भिडन्त तथा यातनाजस्ता घटनाहरुसँग सम्बन्धित विषयहरु रहेका छन् ।

धदिङ धुसेनी खाल्टे ८ की अशक्त युवतीलाई बलात्कार गरेको आरोपमा सागर गुरुङलाई प्रहरीले पक्राउ गरेको छ । उनले २५ वर्षीया अशक्त युवतीलाई माघ १ गते बलात्कार गरेको आरोप *(कान्तिपुर दैनिक माघ १९, पेज १७)* छ ।

भरुवा बन्दुकले हानेर रोल्पामा पतिले आफ्नै पत्नीको हत्या गरेका छन् । ह्वामा ८ का ३३ वर्षीय श्यामकुमार बाठा मगरले ३२ वर्षीया पत्नी जसमिता बाठा मगरको गोली हानी हत्या गरेको समाचार *(अन्नपूर्ण पोष्ट माघ १७, पेज ४)* प्रकाशित गरेको छ ।

बालिका बलात्कारको आरोपमा उदयपुर बेल्टार बसाहा नगरपालिकाका एक युवकलाई प्रहरीले पक्राउ गरेको समाचार *(गोरखापत्र दैनिक माघ २५, पेज ८)* मा प्रकाशित छ ।

त्यसैगरी मोरङको छुट्टाछुटै स्थानमा दुई दिनमा तीन महिलाले आत्महत्या गरेको समाचार प्रकाशनमा आएको छ । सो जिल्लास्थित रङ्गेली ३ का २८ वर्षीया किरणदेवी मण्डलले मुसा मार्ने विषादी खाएर आत्महत्या गरेका छन्, भने मोरङकै मधुमल्ला र सुन्दर दुलारी नगरपालिकाका एक-एक महिलाले आत्महत्या गरेका छन् । आत्महत्या गर्नुको कारण खुलेको छैन*(गोरखापत्र दैनिक माघ १२, पेज ८)* ।

राजधानीबाट प्रकाशित पाँच दैनिक गोरखापत्र, कान्तिपुर, नागरिक, नेपाल समाचारपत्र र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा ५ महिलाको हत्या भएको छ । ४ महिलाले आत्महत्या गरेका छन् । त्यसैगरी ६ महिला प्रहरी र गाउँलेको बीचमा भएको भिडन्तमा परी घाइते भएका छन् । बोक्सीको

आरोपमा ३, यौन दुर्व्यवहार, कुटपिट र बलात्कारमा २-२ जना महिला पीडित भएका छन् । घरनिकाला तथा दाइजोका नाममा १-१ महिला पीडित भएका छन् ।




अखबारहरुले हिंसामा परेका बालबालिकासँग सम्बन्धित घटना १६ वटा पहिचान गरेका छन् । बलात्कारको शिकारमा परेका ३ बालिकाको मार्मिक विवरण प्रकाशमा आएको छ । त्यसैगरी २ बालबालिका बेपत्ता भएको समाचार पनि प्रकाशमा आएको छभने ११ बालबालिका भारततर्फ बेचविखनका लागि लैजादै गर्दा अलपत्र परेको घटना पाइएको छ ।




मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) ले हतियारजन्य हिंसासँग सम्बन्धित घटनाको पनि अनुगमन गरेको छ । अखबारहरुका अनुसार माघ महिनामा महिला र पुरुष गरी २२ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा १४ पुरुष, ८

महिला प्रभावित भएको सञ्चार अनुगमनका क्रममा पाइएको छ । प्रभावित हुने पुरुषमा ८ को मृत्यु भएको छ भने ६ घाइते छन् । त्यसैगरी १ महिलाको मृत्यु भएको छ भने ७ घाइते भएको पाइएको छ ।




हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल ११, मध्यमाञ्चल १२, मध्य-पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलमा १-१ रहेको देखिन्छ ।




जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. **०१-५०११२०४** मा सम्पर्क गर्नुहुन अनुरोध छ ।